# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १५
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ १५ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा अपरान्ह ६:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० अर्थमन्त्री डा० युवराज खतिवडाले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानको प्रति (बजेट वक्तव्य) टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न २०७६ साल जेठ १९, २० र २१ गतेका दिनहरु तोकेको र उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता मा० सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले “आर्थिक विधेयक, २०७६” प्रस्तुत गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल जेठ १९ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी अपरान्ह ६:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव